म सबै साझेदारहरूको शिर्क (साझेदारी) बाट निस्पृह छु । जसले कुनै धर्मक्रिया गर्छ र त्यसलाई म बाहेक अरू कसैको निमित्त गरि शिर्क गर्दछ, म उसलाई र उसको शिर्कलाई अस्वीकार गर्दछु

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ : "सर्वशक्तिमान् अल्लाह भन्नुहुन्छ: म सबै साझेदारहरूको शिर्क (साझेदारी) बाट निस्पृह छु । जसले कुनै धर्मक्रिया गर्छ र त्यसलाई म बाहेक अरू कसैको निमित्त गरि शिर्क गर्दछ, म उसलाई र उसको शिर्कलाई अस्वीकार गर्दछु ।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) वर्णन गर्नुहुन्छ, महान अल्लाहले भन्नुभएको छ: म सबै साझेदारहरूको शिर्क (साझेदारी) बाट निस्पृह छु । उहाँ हरेक कुराबाट निस्पृह हुनुहुन्छ । जब कुनै व्यक्तिले कुनै असल काम गर्छ तर अल्लाह र गैर-अल्लाह दुवैको लागि गर्छ; तब अल्लाहले उसको त्यो कर्म रद्द गरिदिनु हुन्छ, त्यसलाई स्वीकार गर्नुहुन्न र त्यो कर्मलाई उसको अगाडि फ्याँकिदिनुहुनेछ । तसर्थ, असल कर्महरू विशुद्ध रूपमा अल्लाहको लागि गर्नुपर्छ । किनभने अल्लाहले त्यो कर्मलाई स्वीकार गर्नुहुन्छ, जुन विशुद्ध रूपमा उहाँको खुशीको लागि गरिन्छ ।

https://sunnah.global/hadeeth/ne/show/3342